## राष्ट्रिय बालश्रम सम्मेलनमा सहभागी बालकको विचार



मेरो नाम केदार शर्मा हो । म १४ वर्षको भएँ । म कृषि मजदुरको रूपमा कार्यरत छु । म बाग्लुङ्ग बाट आएको हुँ । म स्थानीय स्तरमा गठन भएको संरक्षण बालक्लबको सदस्य छु ।

मलाई यहाँ आएर धेरै खुशी लागेछ र रमाइलो पनि लागेको छ । किनभने, यो कार्यक्रममा सहभागी हुने अवसर पाए पछि मैले आफ्ना विषयहरू उठाउनुका साथै हाम्रा श्रमिक साथीहरूका आवाजहरू उठाउने अवसर पाएको छु । यो कार्यक्रममा हामी सबै साथीहरू श्रमिकहरूका आवाजहरू संविधानसभामा पुऱ्याउन जुटेका छौं । जसले मलाई रोमाञ्चितका साथै यो प्रक्रियामा सहभागी हुने अवसर पाउँदा समेत मलाई खुशी लागेको छ ।

श्रमिकका सुरक्षालगायत श्रमसँग सम्बन्धीत सबै अधिकारहरू यस अब बन्ने संविधानद्धारा सम्बोधन हुनु पर्दछ । प्रत्येक श्रमिकहरूले शिक्षाको अवसरको उपभोग गर्ने अधिकार प्रदान गर्दै बालश्रमको अन्त्य गर्ने लक्ष्य यस संविधानले राख्नु पर्दछ ।

ऐन कानुन मात्र बन्ने तर प्रभावकारी कार्यान्वयन नहुनाले बालश्रम अन्त्य हुनुको सट्टा बढने क्रम जारी छ । अब बन्ने संविधानले कार्यान्वयनको पक्षलाई दह्रो बनाउनु पर्छ । बोली मात्र नभई बोलेका कुरा कार्यान्वयन गरेर समय मै संविधान बनाउन संविधानसभालाई सुझाव दिन चाहन्छु ।

❖


| | |
|---|---|
| **प्रकाशन** | :राष्ट्रिय बालश्रम सम्मेलन आयोजक समिति |
| **सम्पादन, डिजाइन** | :कमल चापागाईं |
| **प्रकाशन सहयोगी** | :रचना उपाध्याय, सानु गिरी, जियम श्रेष्ठ, सञ्जिव अधिकारी, मीलन खड्का, श्रीया थापा, गोविन्द कोइराला, पर्शुराम चौधरी, प्रेम घिमिरे, युवराज घिमिरे |



चाहना : बालश्रम मुक्त समाजको

# बालआवाज

समाचार बुलेटिन

वर्ष १, अङ्क १, २०६६ चैत्र २५


## राष्ट्रिय बालश्रम सम्मेलन



चैत्र २४, काठमाडौं । "चाहना : बालश्रम मुक्त समाजको" भन्ने मूल नाराका साथ राष्ट्रिय बालश्रम सम्मेलन काठमाडौंको धापासीमा सुरु भएको छ । चार दिन सम्म चल्ने यो सम्मेलनको उद्घाटन संविधानसभाकी उपाध्यक्ष माननीय श्री पूर्णकुमारी सुवेदीका साथ विभिन्न श्रम क्षेत्रमा संलग्न ७ जना बालबालिकाले मैनबत्ति प्रज्जवलन गरी भएको छ । बालश्रमको क्षेत्रमा सक्रिय रहेका विभिन्न २५ भन्दा बढी जिल्लाका ४२ ओटा संघसंस्थाको उपस्थिती रहेको यस सम्मेलन बालश्रमको क्षेत्रमा सक्रिय रहेका संस्थाहरूको समूह राष्ट्रिय बालश्रम सम्मेलन आयोजना समितिले आयोजना गरेको हो । कार्यक्रमको उद्घाटन समारोहमा आफ्नो मन्तव्य दिदै संविधानसभाकी उपाध्यक्ष सुवेदीले नेपालबाट बालश्रमको अन्त्य हुनु पर्ने, सबै श्रम क्षेत्रमा रहेका बालबालिकाहरूले शिक्षा, स्वास्थ्यलगायतका अवसरहरू प्राप्त गर्नु पर्ने कुरामा जोड दिनु भयो । सोही कार्यक्रमलाई सम्बोधन गर्दै संविधानसभाकी सभासद् माननीय श्री शान्ती अधिकारीले घरेलु श्रमलगायतका श्रम क्षेत्रमा बालबालिकाहरूले आफ्नो बालापन बिताउनु परेको तितो यथार्थ रहेकोले सबैले आफ्नो आफ्नो क्षेत्रबाट हातेमालो गर्दै बालश्रमविरूद्धको अभियानमा सहभागी हुनुपर्ने र संविधानसभाले

बालश्रमका मुद्धालाई सही रूपमा सम्बोधन गर्नुपर्ने कुरामा जोड दिनुभएको थियो । कार्यक्रममा केन्द्रीय बाल कल्याण समितिका कार्यकारी निर्देशक धर्मराज श्रेष्ठ, गैह्र सरकारी संस्था महासंघका अध्यक्ष नेत्र तिमिल्सिना, बालसहभागिताको क्षेत्रमा कार्यरत संस्थाहरूको साझा समूह कन्सोर्टियमका अध्यक्ष मीलन धरेल, सिजपका अध्यक्ष रामशरण सेढाइ, सेभ द चिल्ड्रेनका उदय मानन्धर, प्लान नेपालका निर्देशक डोनाल कीएनले मन्तव्य व्यक्त गर्नु भएको थियो । उद्घाटन समारोहमा आयोजक संस्थाहरूको तर्फबाट कन्सर्न नेपालका अध्यक्ष विजय सैंजुले कार्यक्रमको उद्देश्य माथि प्रकाश र सिविनका कुमार भट्टराईले स्वागत मन्तव्य व्यक्त भएको थियो । समारोह सिविसका अध्यक्ष विमला ज्ञवालीको अध्यक्षतामा सम्पन्न भएको थियो भने युवराज घिमिरेले सञ्चालन गर्नुभएको थियो । ❖

## बालश्रमिकहरुको कार्यशाला

२४ चैत्र, काठमाडौँ । बालश्रमको क्षेत्रमा कार्यरत संस्थाहरूको साझा समूहको संयुक्त आयोजनामा बालश्रमिकहरूको ४ दिवशीय कार्यशाला सुरु भएको छ । देशका विभिन्न जिल्लाहरूबाट आएका एक सय भन्दा बढी श्रमिक बालबालिकाहरू कार्यशालामा सहभागी भएका छन् । सहभागी बालबालिकाहरूले सुरूका ३ दिन छुट्टा छुट्टै विषयमा छलफल गर्नेछन् । सोही क्रममा आज सहभागी बालबालिकाहरूले “नयाँ संविधानमा बालअधिकार र बालश्रम” का विषयमा छलफल गरेका छन् । सहभागी बालबालिकाको समूहलाई तीन समूहमा विभाजन गरी सहजीकरण गरिएको थियो । छलफलको क्रममा सहभागी बालबालिकाहरूले प्रस्तावित मस्यौदा संविधानमा केन्द्रित रहेर छलफल गरी संविधानसभालाई सुझाव तयार पारेका छन् । ❖



# विज्ञहरूसँग परामर्श कार्यशाला

२४, चैत्र २०६६ । राष्ट्रिय बालश्रम सम्मेलन २०६६ को अवसर पारेर विभिन्न संस्थाका प्रतिनिधिहरूको लागि संविधान, राष्ट्रिय नीति तथा कार्यक्रमका लागि बालबालिका र नागरिक समाज तथा विज्ञहरूसँगको परामर्श कार्यशाला सम्पन्न भएको छ ।

कार्यक्रमलाई सहजीकरण गर्दै बालअधिकार कर्मी चन्द्रिका खतिवडाले “नयाँ संविधानमा बालअधिकार र बालश्रमका विषयमा जानकारी दिदै मस्यौदा संविधानमा उल्लेख भएका बालअधिकार सम्बन्धि प्रस्तावनाहरूको बारेमा जानकारी बताउनु थियो । कार्यक्रममा विभिन्न संघसंस्थाका लगभग ७० जना अधिकारकर्मीहरूको सहभागिता रहेको थियो ।



मौलिक हक मस्यौदा समितिका सदस्य विन्दा पाण्डेले अथिति वक्ताको रूपमा प्रस्तुत गर्दै नेपालमा नीति नियमको कमी नभएको तर कार्यान्वयन पक्ष चाहिँ फितलो रहेको निचोड दिनु भएको थियो ।

❖